नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## करारमा लिने सम्बन्धी सूचना
(सूचना प्रकाशन मितिः २०८२।१२।२७)

यस नगरपालिकाको १४ नं. वडा कार्यालयको सेवा केन्द्रको लागि करारमा आवश्यक १ जना कार्यालय सहयोगी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

१. करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यताः

| विज्ञापन नं. | पद तह | संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ५-०८२।०८३ | कार्यालय सहयोगी (१४ नं. वडा कार्यालयको सेवा केन्द्रको लागि) | १ | रु. २००।- | •मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्ण। •स्थानीय उम्मेदवार र कम्प्युटर सम्बन्धी साधारण सीप भएका उम्मेदवारलाई प्राथमिकता दिईने। |

२. दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ
३ दरखास्त दिने अन्तिम मितिः सूचना मितिले पन्धौं दिन अर्थात २०८३।०१।११ गते कार्यालय समयभित्र।
४ उमेर हदः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।
५ छनौटको किसिम/आधारः नीलकण्ठ नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम अन्तर्वार्ता।
६ दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, २ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।
७ अन्तर्वार्ता मितिः पछी सूचना गरिने।
८ काम गर्नुपर्ने स्थान र कार्यविवरणः यस नगरपालिकाको १४ नं. वडा कार्यालयको सेवा केन्द्रमा। सम्बन्धित पदको लागि तोकिए बमोजिमको कार्यविवरण।
९ शर्त तथा मापदण्ड तथा पारिश्रमिकः करार सेवाको लागि प्रचलित कानूनद्वारा अयोग्य नठहरेको हुनुपर्ने । पारिश्रमिक कार्यालयको नियमानुसार।

नोटः मिति २०८१।०८।२० गते वि.नं. १३-०८१/०८२ अनुसार वडा कार्यालयको लागि कार्यालय सहयोगी पदमा गरिएको सूचना अनुसार १४ नं. वडा कार्यालयको लागि आवेदन पेश गर्ने आवेदकको हकमा पेश भएकै आवेदन कायम गरिने भएकाले सो विज्ञापन अनुसार आवेदन गरिसकेकाको हकमा पुनः दरखास्त बुझाउनुपर्ने छैन।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

(हरिदत्त कँडेल)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner